स्थानीय सरकार
मेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

पत्र सङ्ख्या : २०८१/०८२
सुचना नम्बर : ०१

भेङ्पु, दोलखा, नेपाल

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना

सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि २०८१ भाद्र समान्त भित्र सम्बन्धित वडा कार्यालय मार्फत सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ को उपनियम (१) र (२) बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) बमोजिमको **परिचयपत्र नवीकरण फारम** भरि अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउनुहुन अनुरोध गरिन्छ।

यसरी नविकरण भएका लाभग्राहीहरुको सूची सम्बन्धित वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा (५) बमोजिम अध्यावधि गरी असोज महिनाको ७ गतेभित्र यस कार्यालयमा पठाउनुहुन समेत अनुरोध गरिन्छ।

साथै ६८ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिक तथा नयाँ नाम दर्ता गर्न योग्य लाभग्राहीहरुले समेत सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ तथा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ५ बमोजिम सम्बन्धित वडा कार्यालयमा गई सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ को उपनियम (१) तथा (२) बमोजिम आवेदन दर्ता गराउनुहुन समेत जानकारी गराईन्छ।

तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभएमा प्रणाली मार्फत स्वतः लाभग्राही सूचीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुन सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ।

पुनश्चः परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीको **बैंक खाता नं. र राष्ट्रिय परिचय पत्र नं.** अद्यावधिक गर्नु गराउनुहुन समेत अनुरोध गरिन्छ।

(सन्जय शिवाकोटी)
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः ....।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,
................................गाउँपालिका / नगरपालिका
वडा नं. ...............
जिल्ला..................
प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थर:-
लक्षित समूह:-
राष्ट्रिय परिचयपत्र नं.:-
दस्तखत:-

लिङ्ग:-
सामाजिक सुरक्षा परिचयपत्र नं:-
सम्पर्क मोबाइल नं:-
मिति:-

## संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम थर:-.................................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाता:

राष्ट्रिय परिचयपत्र नं.:-

दस्तखत:-.............

सम्पर्क मोबाईल नं.:-

नागरीकता प्रमाणपत्र नं. :-

जारी भएको जिल्ला र मिति:-

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीको:

नाम थर:

पद:

दस्तखत:

मिति: